२०७९ सालको कार्यविधि नं. ६

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः ६ मितिः२०७९।०८।०८

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ को दोश्रो संशोधन कार्यविधि, २०७९

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि संशोधन जारी गरेको छ ।

हेटौंडा राजपत्र

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधनको नाम "हेटौंडा उपमहानगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ को दोश्रो संशोधन कार्यविधि, २०७९" रहेको छ ।

**२. दफा ७ को उपदफा १० थपः** दफा ७ को उपदफा (१०) हेटौंडा उपमहानगरपालिका अन्तर्गत विभिन्न सेवाका पदहरुमा करार सेवा तथा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई निजहरुको योग्यता, अनुभव र सीपको आधारमा स्वीकृत दरवन्दी भित्रको रिक्त माथिल्लो पदमा प्रतिस्पर्धा गराई करार सेवा मार्फत काममा लगाउन सकिनेछ ।

**३. दफा ७ मा उपदफा ११ थपः** दफा ७ को उपदफा (११) हेटौंडा उपमहानगरपालिका अन्तर्गत विभिन्न सेवाका पदहरुमा करार सेवा तथा सेवा करारमा कार्यरत कर्मचारीहरुको करार नवीकरण गर्दा कार्य सम्पादन मूल्याङ्कन गरी नवीकरण गर्न सकिनेछ ।

**आज्ञाले**
**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र